# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

च. नं. - ३५१ मिती: २०८३/०६/०७

**भारी वर्षाको सम्भावनालाई मध्यनजर गर्दै आवश्यक सतर्कता अपनाउने सम्बन्धमा नगरवासीहरूमा कालिका नगरपालिका, नगर कार्यपालिका कार्यालयको अनुरोध।**

नेपाल मौसम विज्ञान विभागको प्रक्षेपणअनुसार मिति २०८३।०६।०८ गतेदेखि केही दिनसम्म लगातार भारी वर्षा हुने सम्भावना रहेको देखिएको छ। यसबाट नदी तथा खोलानालामा पानीको सतह बढ्न गई बाढी, डुबान, पहिरो तथा सडक आवागमनमा अवरोधलगायतका जोखिम उत्पन्न हुन सक्ने भएकाले सम्भावित जोखिमलाई मध्यनजर गर्दै निम्नानुसार आवश्यक सतर्कता अपनाउनुहुन सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध गर्दछौं:

१) नदी तथा खोलानाला तटीय क्षेत्रमा बसोबास गर्नुहुने नगरवासीहरूले सम्भावित जोखिमको अवस्था हेरी समयमै सुरक्षित स्थानमा सर्नुहुन अनुरोध छ। स्थानान्तरणका क्रममा कुनै समस्या वा सहयोग आवश्यक परेमा सम्बन्धित वडा कार्यालय/नगरपालिकामा सम्पर्क गर्नुका साथै नजिकको सुरक्षा निकायसँग समन्वय गरी आवश्यक सूचना तथा सहयोग लिनुहुन अनुरोध छ।

२) रातको समयमा अत्यावश्यक कामबाहेक लामो दूरीको यात्रा नगर्नुहुन तथा यात्रा गर्नैपर्ने अवस्था भएमा सम्बन्धित स्थानीय तह तथा सुरक्षा निकायबाट सडक तथा मौसमको अवस्था सम्बन्धी सूचना लिएर मात्र यात्रा गर्नुहुन अनुरोध छ।

३) यात्राका क्रममा जसरी पनि गन्तव्यमा पुगेरै छोड्ने वा अगाडिसम्म पुगेर मात्र रोकिने निर्णय जोखिमपूर्ण हुन सक्ने भएकाले, मौसम तथा सडकको अवस्था प्रतिकूल भएमा आफू रहेको स्थानको आसपास नै सुरक्षित स्थानमा रोकिनुहुन अनुरोध छ।

४) मौसमको अवस्था तथा सम्भावित जोखिमलाई मध्यनजर गर्दै कुनै पनि समयमा सडक आवागमनमा स्थनिय प्रशासनले रोक लगाउनुपर्ने अवस्था आउन सक्ने भएकाले सो विषयलाई ध्यानमा राखी यात्रा योजना बनाउनुहुन अनुरोध छ।

५) अत्यावश्यक यात्राका क्रममा Travel Bag मा १–२ सेट अतिरिक्त लुगा, Dry Food, खानेपानी, मोबाइल चार्जर तथा चार्ज गरिएको मोबाइल, प्राथमिक उपचारका सामग्री तथा आवश्यक आधारभूत औषधीहरू समेत तयारी अवस्थामा राख्नुहुन अनुरोध छ।

६) मिति २०८३।०६।०८ गतेदेखि २०८३।०६।१२ गतेसम्म नदी तथा खोलानालाको किनारमा रहेका संरचनामा कार्यक्रम सञ्चालन नगर्नुहुन तथा यस अवधिमा पूर्वनिर्धारित/आयोजित कार्यक्रमहरू आवश्यकताअनुसार स्थगित गर्नुहुन अनुरोध छ।

७) नदी तथा खोलानाला तटीय क्षेत्रमा सञ्चालनमा रहेका होटल, रेष्टुरेन्ट, विद्यालय, कलकारखाना तथा अन्य संस्थाहरूले मौसम तथा जोखिमको अवस्था हेरी छोटो सूचनाको आधारमा बन्द वा सञ्चालन स्थगित गर्नुपर्ने अवस्था आउन सक्ने विषयलाई समेत ध्यानमा राखी आवश्यक पूर्वतयारी तथा वैकल्पिक व्यवस्था गर्नुहुन अनुरोध छ।

८) बाढी, डुबान, पहिरो, सडक अवरोध वा अन्य विपद्जन्य अवस्था देखिएमा अफवाहमा विश्वास नगरी आधिकारिक सूचना मात्रलाई आधार मान्नुहुन तथा आफू र आफ्नो परिवारको सुरक्षालाई पहिलो प्राथमिकता दिनुहुन अनुरोध छ।

यस सम्बन्धमा थप सहयोग, समन्वय एवं सहजीकरणका लागि निम्न नम्बरहरुमा सम्पर्क गर्नुहोला :

| | |
|---|---|
| नेपाल प्रहरी | - १०० |
| सशस्त्र प्रहरी वल नेपाल | - ११४४ |
| जिल्ला आपतकालिन केन्द्र (DEOC) | - १२३४ |
| नगर प्रहरी प्रमुख | - ९७६१७३४३१३ |
| जुटपानी , खोलेसीमल, पदमपुर प्रहरी प्रमुख | - ९८५५०९०२९८, ९८४४२०८७७१, ९८६२५४७७७० |
| नगर एम्बुलेन्स | - ९८४५४३२१३५ |
| नगर अस्पताल | - ९७६८७०३७६३, ९८५५०८५८४५ |

2083/6/6

( देवराज चौलागाईं )

प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np